म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१६ अङ्क:- ५२ २०८१ पुस २४ गते बुधबार 8 January 2025, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-

**उपभोक्ता सचेत बनौं**

- अखाद्य, सडेगलेको वा म्याद नाघेको तथा अस्वभाविक रुपमा बढी मूल्य वा कम तौलका वस्तु बिक्री गर्ने जस्ता कार्य गैह्र कानुनी हो,
- त्यस्ता गैह्र कानुनी कार्य भएको जानकारी पाउना साथ वाणिज्य,आपूर्ति तथ उपभोक्ता संरक्षण विभाग वा वाणिज्य तथा उपभोक्ता हित संरक्षण कार्यालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालय, स्थानीय तह वा टोल फ्री नं. ११३७ मा उजुरी गरौं,
- सचेत उपभोक्ता बनौं, आफ्नो मौलिक अधिकारको सदुपयोग गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# प्रशासनिक नेतृत्वका कारण डेलिभरीमा समस्या




समाज संवाददाता

हेटौंडा : नेकपा एमाले संसदीय दलका प्रमुख सचेतक महेश बर्तौलाले प्रशासनिक नेतृत्वको कारणले नागरिकलाई विकास निर्माण तथा सेवा प्रवाहमा समस्या भएको बताउनुभएको छ । राजनीतिक नेतृत्वले गरेका नीति निर्णयलाई प्रशासनिक नेतृत्वले रोकेको उहाँले बताउनुभयो। उद्योग संघ मकवानपुरको २३ औं साधारण सभालाई सम्धोन गर्नुहुँदै प्रमुख सचेतक बर्तौलाले राज्यले उद्योगमैत्री वातावरण निर्माण गर्नुपर्ने बताउनुभयो। राजनीतिक अस्थिर ताका कारण उद्योगमैत्री वातावरण निर्माण हुन नसकेको उहाँको भनाइ थियो ।

'प्रशासनिक नेतृत्वका कारण डेलिभरिमा समस्या छ । राजनीतिक नेतृत्वले गरेका नीति निर्णयलाई प्रशासनिक नेतृत्वले रोकेको छ', बर्तौलाले भन्नुभयो, 'मध्यवर्ती क्षेत्रको नाममा हेटौंडाको मयुरधाप औद्योगिक क्षेत्र निर्माणको काममा रोक्ने काम भएको छ। ९ वर्षदेखि मयुरधाप औद्योगिक क्षेत्रको काम अघि बढ्न सकेको छैन। उद्योग मन्त्रालयले समस्या हटाउन फाइल उठाउने पेश गर्ने काम गऱ्यो । तर, वनको विभिन्न कारणले सो औद्योगिक क्षेत्रको काम हुन सकेको छैन ।'

उहाँका अनुसार उद्योग क्षेत्रहरु धारासायी अवस्थामा पुगेका छन्। आर्थिक संकटका कारण हेटौंडा सिमेन्ट उद्योग कोमामा पुगेको उहाँको भनाई छ । सो उद्योग संचालनको स्थितिमा पुऱ्याउनका लागि अनिवार्य दायित्व ७५ करोड रुपैयाँ राज्यले व्यहोर्नुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो । उद्योग नीति परिमार्जन गर्नुपर्ने अवस्था रहेको बताउनुहुँदै लगानीमैत्री वातावरण निर्माण गर्न राज्यले कच्चा पदार्थमा कम राजश्व लगाएको बर्तौलाले बताउनुभयो। राज्यले प्रशासनिक समस्या हल गर्दै उत्पादित वस्तुको बजार व्यवस्थापन गर्नु जरुरी रहेको उहाँको भनाई छ । उद्योगहरुको समस्याका बारेमा नीति संवादका माध्यमबाट छलफल गरी बलियो अर्थतन्त्र, रोजगारी सृजना तथा आयात प्रतिस्थापनका लागि काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

प्रमुख सचेतक बर्तौलाका अनुसार वर्तमान एमाले-कांग्रेस गठबन्धनको सरकारले केही गर्ने प्रयत्न गरिरहेको छ। अघिल्लो सरकारले बनाएको बजेटमा काम गर्नुपर्ने अवस्था रहेकाले केही असहज अवस्थाहरु आइपरेको उहाँको भनाई छ। विगतमा योजनावद्ध रुपमा विकास गर्न नसक्दा राज्यलाई आर्थिक भार परिरहेको उहाँले बताउनुभयो। नेपालको राजश्व भन्दा बढी प्रशासनिक खर्च हुने गरेको प्रमुख सचेतक बर्तौलाले जानकारी गराउनुभयो।

कार्यक्रममा उद्योग संघ मकवानपुरका अध्यक्ष बद्रीनाथ शर्माले राजश्व वृद्धिमा सरकारको ध्यान जाँदा आयात बढिरहेको बताउनुभयो । सरकार आयातमुखी बनिरहँदा उद्योगमैत्री वातावरण बन्न नसकेको उहाँले स्पष्ट पार्नुभयो। उहाँका अनुसार खुल्ला सिमाना र भन्सारले आर्थिक गतिविधिमा संकुचन ल्याएको छ। बजारमा माग बढाउन नसक्दा उद्योगहरुको अवस्था कमजोर बनिरहेको उहाँले बताउनुभयो । 'राज्यको पूँजीगत खर्च बढाउन सकिएको छैन । चालू खर्च बढेको बढ्यै छ । उद्योग प्रवर्द्धनमा सरकारको ध्यान जान सकेको छैन । उद्योगीहरुलाई समस्या हुनेगरी हेटौंडा औद्योगिक क्षेत्रको १४ करोड रुपैयाँ बहाल बढाउन खोजिएको छ । उद्योग क्षेत्रको मनोवल गिराउने गरी बहाल कर बढाइएको छ', अध्यक्ष शर्माले भन्नुभयो ।

## मउवा संघको साधारणसभा आजबाट सुरु हुँदै

# निर्वाचनमा १६ नयाँ अनुहार

समाज संवाददाता

हेटौंडा : मकवानपुर उद्योग वाणिज्य संघको ५८ औं वार्षिक साधारणसभा आज बुधबारबाट हेटौंडामा सुरु हुँदैछ । हेटौंडा-२ स्थित पल्पसा सदनमा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले वार्षिक साधारणसभाको उद्घाटन गर्नुहुने कार्यक्रम रहेको संघले जनाएको छ। वार्षिक साधारणसभाले ३ वर्षे कार्यकालका लागि नयाँ नेतृत्व चयन गर्नेछ ।

वर्तमान कार्यसमितिका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल र उपाध्यक्ष प्रमोद सिंह रानाभाट अध्यक्षका आकांक्षी हुनुहुन्छ। दुबैले प्यानलै बनाएर निर्वाचनमा भिड्ने तयारी गरेको छ । रानाभाटले आइतबार र अग्रवालले सोमबार घोषणापत्रसहित प्यानल घोषणा गर्नुभएको थियो । अध्यक्षसहित २८ पद प्रत्यक्ष निर्वाचित हुने व्यवस्था छ। यस वर्षदेखि सबै पदमा प्रत्यक्ष निर्वाचन हुने व्यवस्था गरिएसँगै निर्वाचनको माहौल थप प्रतिस्पर्धात्मक भएको छ।

यस पटकको निर्वाचनमा १६ जना नयाँ अनुहार मैदानमा देखिएका छन् । निर्वाचनमा लागि तयार भएको २ वटा अध्यक्षको प्यानलबाट १५ र एक स्वतन्त्र गरी १६ जना पहिलो पटक चुनावी मैदानमा होमिने भएका हुन्। निर्वाचनका लागि अध्यक्ष पदका उम्मेदवार प्रमोद सिंह रानाभाटको प्यानलबाट १० जनाले पहलो पटक चुनावी अनुभव लिँदैछन् भने अध्यक्ष पदका उम्मेदवार अनिल अग्रवालको प्यानलबाट ५ जना पहिलो पटक चुनाव लड्दैछन्।

रानाभाट प्यानलबाट वाणिज्य तर्फको सदस्यका लागि राजदेव बनियाँ, सन्तोष घिमिरे, होमनाथ खनाल (रोशन) र निलम बजगाईं देवकोटा पहिलो पटक निर्वाचनमा भाग लिँदैछन् । सोही प्यानलबाट उद्योग तर्फको सदस्यमा जगदीश दाहाल, कृष्णराज कोइराला र भुपेन्द्र अधिकारी चुनाव लड्दैछन्। दाहाल र कोइराला यसअघि पनि संघको मनोनित सदस्य भएर काम गरिसकेका छन् । एशोसिएटतर्फ नवराज खतिवडा र सुकृतरा पराजुली तथा वस्तुगततर्फ कृष्ण अर्याल पहिलो पटक चुनाव लड्ने तयारीमा छन्।

अग्रवाल प्यानलबाट वाणिज्यतर्फ यज्ञबहादुर राय (विनोद), उद्योग तर्फबाट कृष्णगोपाल महर्जन, गंगा कुमारी श्रेष्ठ र वस्तुगततर्फ शम्भु पुडासैनी पहिलो पटक चुनाव लड्दैछन्। स्वतन्त्र रुपमा उद्योग तर्फबाट राजेश थापा (गरिब) पनि सदस्य पदमा चुनाव लड्दैछन्। संघको पदाधिकारीका लागि एक कार्यकाल सदस्य निर्वाचित भएको अनिवार्य हुनु पर्ने भएकाले नयाँ अनुहार सदस्यमा नै सीमित भएका हुन्।

# तिब्बत भूकम्प : कम्तीमा १२६ जनाको मृत्यु

काठमाडौंः नेपालमा समेत ठूलो झट्का दिने गरी चीनको तिब्बतमा गएको भूकम्पमा परी मृत्यु हुनेको संख्या १२६ पुगेको छ । चिनियाँ सञ्चारमाध्यमहरुका अनुसार चीनको सिजाङ स्वशासित क्षेत्रको डिङ्गी काउन्टीमा मंगलबार बिहान गएको भूकम्पमा परी घाइते हुनेको संख्या १८८ पुगेको छ।

मंगलबार बिहान स्थानीय समयअनुसार नेपालको उत्तरपूर्वी सीमानजिकै चीनको सिजाङ स्वशासित क्षेत्रको डिङ्गी काउन्टी केन्द्र भएर भूकम्प गएको हो। भूकम्प मापनसम्बन्धी चीनको आधिकारिक निकाय चाइना अर्थक्वेक नेटवर्क्स सेन्टरका अनुसार स्थानीय समयअनुसार बिहान ९ बजेर ५ मिनेट जाँदा ६.८ म्याग्निच्युडको भूकम्प गएको हो । सेन्टरका अनुसार भूकम्पको उद्गम बिन्दु(गहिराइ) १० किलोमिटर रहेको छ।

सीसीटीभीका अनुसार भूकम्पको केन्द्रबिन्दुको ५ किलोमिटर आसपासमा ७ वटा गाउँ रहेका छन् । त्यस्तै केन्द्रबिन्दुको २० किलोमिटर आसपासमा भने २ वटा सहर रहेका छन्। भूकम्पका कारण भवनहरू भत्किएको भिडियो र तस्बिरहरूसमेत सार्वजनिक भएका छन्। चिनियाँ सञ्चारमाध्यमहरूका अनुसार भूकम्प प्रभावित क्षेत्रमा राहत र उद्दार टोली खटिइसकेका छन् । यूएस जियोलोजिकल सर्भेले भने उक्त भूकम्पको मापन ७.१ म्याग्निच्युड रहेको जनाएको छ। नेपालको राष्ट्रिय भूकम्प मापन केन्द्रले ७.० म्याग्निच्युडको भूकम्प गएको जनाएको छ। भूकम्पको धक्का नेपालका विभिन्न जिल्लासँगै भुटानको थिम्पु, भारतको बिहार र बंगलादेशसम्म पनि महसुस गरिएको समाचारहरू आएका छन्। हेटौंडामा पनि भूकम्पको ठूलो धक्का महसुस गरिएको थियो ।













# भाइबहिनीका किताब





Gi The Giraffe
लेखक : एर्गन तान्लक
चित्र : हीलाल कोर्माज
प्रकाशक : कथालय इन्क, नेपाल
मूल्य: रु. २२५/-
उमेर समूह : ९ देखि १२ बर्ष

भाइबहिनीले लामो घाँटी भएको जिराफ देख्नुभएको छ ? साँच्चैको जिराफ नदेखे पनि चित्र र भिडियोमा त पक्कै देख्नुभएको छ। यो कथा सुरु हुन्छ एकजना केटोको प्रसङ्गबाट जो एउटा पुस्तक पसलमा पुग्छ। त्यहाँ एउटा अनौठो बोल्ने किताबले केटोलाई चिडियाघरमा रहेको एउटा जिराफको कथा सुनाउँछ।

जिआई जिराफको माध्यमबाट किताबमा रोचक कथाहरु भनिएका छन्। जिराफसँगै चिडियाघरका अरु थुप्रै जनाहरुका बारेमा पनि किताबमा रमाईला प्रसङ्ग छन्। जिराफ किन दाँतको डाक्टर लाई भेट्न जान्छ ? उसले कसरी एउटा हाँसलाई बचाउँछ ? जिराफका राम्रा व्यवहारहरु के के हुन् ? जस्ता प्रसङ्गहरुसँगै जिराफले जीवनमा लक्ष्य लिन कसरी सिक्छ भन्ने कुरा पनि भाइबहिनीका लागि चाखलाग्दा हुन सक्छन्। अँ साँच्ची, एउटा किताबले किताब पसलमा पुगेको केटोलाई सुनाइरहेको यो कथाको अन्त्य चाहिँ कसरी हुन्छ होला, है ?

भाइबहिनीहरुको व्यक्तित्व विकास गर्न र मानवताका लागि हामी हाम्रो ठाउँबाट कसरी काम गर्न सक्छौं भन्ने थाहा पाउन पनि यो किताब पढ्नुपर्ने हुन्छ। अङ्ग्रेजी भाषामा रहेको यो किताब कक्षा ५ वा त्यसभन्दा माथिका भाइबहिनीका लागि अझै बढी उपयोगी हुनसक्छ । कथालय इन्क, नेपालले प्रकाशन गरेको यो किताबको मूल्य दुइ सय २५ रुपैयाँ रहेको छ। ८० पृष्ठको यो किताब टर्कीस भाषाको 'जुराफा जू' बाट अङ्ग्रेजीमा अनुवाद भएको हो। हेटौंडाका भाइबहिनीले भैरबरोडमा रहेको किताबघरबाट यो किताब प्राप्त गर्न सक्नुहुनेछ।

# सपनाको सपना



**प्रशन पौडेल**

एक रात सपना र उनका आमा, बुबा खाना खाइरहनु भएको थियो । सपनाले चाँडो-चाँडो खाना खाएर आमालाई च्याप्प समाउँदै भनी, 'आमा, म आज चाँडै सुत्छु है। भोलि ठूलो परीक्षा छ।'

आमाले मुस्कुराउँदै भन्नुभयो, 'हुन्छ नानी, सुत न। मीठो सपना देख्नु।'

सपना आफ्नो ओछ्यानमा गएर सुती। त्यो रात उसको सपनामा अचम्मको दृश्य देखियो । ऊ र उसका साथीहरू हिमाल चढ्दै थिए। हिउँले भरिएको अग्लो हिमाल, सेतै पग्लिन लागेको हिउँ र चिसो हावा पनि सँगै थियो ।

अचानक, एउटा ठूलो हिम पहिरो आयो। सबै साथीहरु आ-आफ्नो बाटोमा छुट्टिए । सपना एक्लै परी । उसले आत्मविश्वासका साथ भनी, 'म एक्लै हिँड्छु। साथीहरू कतै भेटिन्छन् नै।'

हिउँमा हिँड्दै गर्दा उसलाई कताकता डर लाग्न थाल्यो। एकाएक अगाडि एउटा विशाल आकृति देखियो । त्यो सेतो र भयानक थियो । यति !

आ...आ...आमा ! सपना डरले चिच्याई ।

अर्को कोठामा सुतिरहनुभएको आमा उसको चित्कार सुनेर दौडिँदै आउनुभयो, 'के भयो सपना ? किन यसरी चिच्याएकी ?'

सपना झसङ्ग ब्यूँझी । उसको निधार पसिनाले भरिएको थियो । उसले आमालाई च्याप्प समात्दै भनी, 'आमा, मैले सपनामा यति देखें नि । त्यो कस्तो डर लाग्दो हुने रहेछ नि !

आमाले हाँस्दै भन्नुभयो, 'नानी, त्यो त तिम्रो सपना थियो। यति त वास्तविक जीवनमा हुँदैनन् नि । अब तिमी निडर भएर सुत है। म यहीँ छु।'

सपना मुस्कुराउँदै फेरि ओछ्यानमा पल्टी। तर भोलिपल्ट बिहान उसले आफ्नो कोठाको झ्यालबाट बाहिर हेर्दा.. हिउँले बनेको एउटा यतिको आकृति बगैंचामा देखियो।

आमा ! यो त यति हो नि ! सपना हाँस्दै चिच्याई ।

आमाले बाहिर हेर्दै भन्नुभयो, 'अनि के थाहा, सपना कहिले कहिले साँचो पनि हुनसक्छ !'

दुबै आमाछोरी हाँस्न थाले।

त्यसपछि सपना डराउँदिन । बरु उसले आफ्नो सपना आफ्ना साथीहरूलाई सुनाई र सबै मिलेर यतिको कथा बनाउँदै रमाइलो गरे।

*कक्षा-५, नवोदय शिशु सदन, हेटौंडा-४*

# समसामयिक जानकारी



**सान्वी पौडेल**
**कक्षा-८, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२**

१. नेपालको ६६ औं साक्षर जिल्ला कुन हो ?
- जुम्ला, २०८१ मङ्सिर १२ गते

२. २०८१ असोज ७ गते घोषणा भएको नेपालको ६५ औं साक्षर जिल्ला कुन हो ?
- मुगु

३. नेपालका पूर्व सभामुख दमननाथ ढुङ्गानाको निधन कहिले भयो ?
- २०८१ मङ्सिर २ गते

४. हालै संयुक्त राज्य अमेरिकाको ४७ औं राष्ट्रपतिमा डोनाल्ड ट्रम्प कति इलेक्टोरल भोट ल्याएर निर्वाचित भएका छन् ?
- ३१२

५. आर्थिक वर्ष २०७९/ ८० मा सबैभन्दा बढी कर तिरेर सरकारबाट सम्मानित भएको बैंक कुन हो ?
- नबिल बैंक

६. नेपालमा सामाजिक सञ्जाल टिकटक आधिकारिक रुपमा कहिले दर्ता भएको हो ?
- २०८१ कार्तिक २०

७. जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलन कोप-२९ कहाँ हुने भएको छ ?
- बाकु, अजरबैजान

८. साफ च्याम्पियनसिप महिला फुटबल प्रतियोगिता २०२४ को विजेता टिम कुन हो ?
- बङ्गलादेश

९. उत्तर एटलान्टिक सन्धि संगठन नेटोका सदस्य राष्ट्रहरू कतिवटा छन् ?
३२ औं राष्ट्र, स्विडेन, २०२४ मार्च ७

१०. नेपालमा पाइने चराको प्रजातिको सङ्ख्या कति पुगेको छ ?
- ८९६

११. नोवेल शान्ति पुरस्कार २०२४ कसले प्राप्त गरे ?
- जापानी संस्था निहोन हिडाक्यो

१२. नवमीको दिन मात्र खुल्ने नेपालको मन्दिर कुन हो ?
- तलेजु भवानीको मन्दिर

# विद्यार्थी परिचय



**स्वेच्छा पौडेल**
**कक्षा-१०, भुटनदेवी मावि, हेटौंडा-४**

स्वेच्छा हेटौंडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालय कक्षा-१० मा पढ्नु हुन्छ । स्वेच्छा हालै हेटौंडा-२ स्थित ब्रेन बिल्डर एजुकेसन होममा बसेर एसईई परीक्षाको तयारी गरिरहनुभएको छ । स्वेच्छाको घरमा उहाँलाई सिकाउने र पढाउने केहि नभएको र घर पनि टाढा भएको हुँदा होस्टेलमा बस्नु परेको बताउनुहुन्छ। हेस्टेलमा शिक्षकको व्यवस्था र सम्पूर्ण वातावरण राम्रो भएको कारण पढाईमा सुधार भएको बताउनुहुन्छ । स्वेच्छाको घरमा बाबा, आमा, दाइ र हजुरआमा हुनुहुन्छ । स्वेच्छाको बाबा व्यवसायी हुनुहुन्छ र आमा गृहिणी हुनुहुन्छ।

स्वेच्छाले कक्षा ९ मा इन्जिनियरिङ विषय लिनु भएको छ । भविष्यमा अध्ययनको क्षेत्रमा नै काम गर्ने इच्छा रहेको बताउनुहुन्छ। स्वेच्छालाई खेलकुदमा रुचि छ । स्वेच्छा भलिबल खेल्न रुचाउनुहुन्छ । विद्यालयमा साथीहरुसँग भलिबल खेल्ने गरेको बताउनुहुन्छ । स्वेच्छा बस्ने समाजमा मिलनसार मानिसहरु हुनुहुन्छ । छिमेकमा बिरामी कोहि भयो भने सहयोग गर्ने र अैंचो पैंचो गर्ने गरेको बताउनुहुन्छ। स्वेच्छा समाजको बाल समूहमा पनि हुनुहुन्छ । आफ्नो समाजलाई बालमैत्री बनाउन विभिन्न कार्य गरेको बताउनुहुन्छ। स्वेच्छा पढ्ने विद्यालय बालमैत्री विद्यालय हो। विद्यालय बालमैत्री भएको कारण विद्यार्थीको सम्पूर्ण विकासमा टेवा पुगेको बताउनुभएको छ। स्वेच्छा एसईईका लागि धेरै मिहिनेत गरि रहनुभएको छ। अतिरिक्त क्रियाकलापमा भन्दा पनि पढाइमा समय दिने गरिरहेको उहाँ बताउनुहुन्छ।





**राहुल राउत**
**कक्षा-१२, हेटौंडा क्याम्पस**

# जीवन

जीवन एउटा यात्रा हो, कहाँ सम्म पुगिन्छ थाहा हुँदैन, कहिले
मुस्कान छर्छ भने कहिले आँसुको झरी ।
कहिले रङ्गिन दृश्य देखाउँछ भने कहिले बादलको छेक, कतै
हरियाली छ भने कतै खडेरीको रेख ॥

हिम्मतले अघि बढ्ने, सपनाको खोजी गर्ने,
जीवनलाई आफ्नै तरिकाले, सुन्दर बुन्ने ।
गाह्रो बेलामा आँसु थाम्ने बल देऊ,
साझेको सपना पूरा गर्न आत्मबल देऊ ॥

बाटो आफ्ना छन्, संघर्ष आफ्ना छन्,
जीवनका अभावमा बाँच्ने आशा देऊ ।
तिमी जस्तै उज्यालो बनोस् यो संसार,
जीवनका पाइलामा रहोस् सदैव नयाँ बहार ॥



**श्रवण ढकाल**

*कक्षा-९, प्रगति मावि, हेटौडा-९*

# चित्रकला






**दिक्षु लामा**
**कक्षा-१०, ब्रम्हदिक एकेडेमी**
**हेटौंडा-४**





**आहना कर्माचार्य**
**कक्षा-१, नवोदय शिशु सदन**
**हेटौंडा-४**



**सृष्टि श्रेष्ठ**
**युकेजी, लिटिल बडी प्रिस्कूल**
**हेटौंडा-४**

सामुदायिक रेडियो, रेडियो निकास ९३.४
मेगाहर्ज सुनौं र सुनाऔं

# मेरो टोल



**अभिराज चौधरी**

मेरो सानो टोल
मानिस थरी थरी
भाषा, भेष, व्यवहार
जिउने अनेक थरी

कोही तामाङ बोल्छन्
कोही बोल्छन् नेवार
कोही मगर बोल्दछन्
सबै बुझ्छन् नेपाली

कोही व्यापार गर्दछन्
कोही सेना त केही डाक्टर
कोही कर्मचारी छन्
कोही कोही मास्टर

कोही लाउने पटासी
कोही कोटमा ठडिन्छन्
जेजे पोसाक लगाए पनि
नेपाली सब अटिन्छन्

*कक्षा-३, नवोदय शिशु सदन हेटौँडा-४*

# छोरीको जीवन



**समृद्धि घिताल**

हिँड्थे होला रातिसम्म आकाशको चरी बनी
बोल्थे होला सोचेको कुरा डर पनि नमानी
सायद छोरा भएको भए कसैले औंला ठड्याउँदैन थिए होला
गर्थे होला चाहेको कुरा कसैको गुलाम नबनी

छोरी भएर जन्म लिनु के गल्ती थियो र
मनमा लागेको कुरा भन्नू के गल्ती थियो र
छोरा भएको भए हाम्रो कुरा पनि सुन्थे होला
आफ्नो सपना पूरा गर्न खोज्नु के गल्ती थियो र

छोराले जस्तो स्वतन्त्र जीवन हामीले कहिले जिउने
खुल्ला आकाशमा चरी बनी हामी कहिले उड्ने
गल्ती हाम्रो छैन छोरी भएर जन्मेकोमा
कोहिसँग नडराई हामी कहिले बाँच्न पाउने

*कक्षा-८, प्रगति मावि, हेटौँडा-९*

# पानी



**शुभश्री सुवेदी**

कति ठाउँमा भएर फालाफाल
कति ठाउँमा नभएर आपत्ति
पर्खेका छन् मानिसहरु एक घुटका लागि
सबैलाई चाहिने भएर होला यो भूभागमा ४ प्रतिशत पाइने

सम्भाव छैन पानी बिना जीवन कसैको
भन्ने बित्तिकै नपाउँदा तड्पन्छन् सबै जन्तु
अन्त पाउने सम्भव छैन यस बिना कसैले
हरियाली बनाउँछ सारा संसार यसले
हुन्थ्यो होला जीवन सबै अन्धकार यस बिना
जीवन प्रदान गरेको छ पृथ्वीमा यसले ।

जीवन नै गाह्रो छ यस बिना, महत्व दिँदैनन् यसलाई किन ?
नभए हुँदैन थियो विजुलीको आविष्कार
बनाउँथ्यो जसले जीवन नै अन्धकार
पर्खाइमा रहन्छन् ती मरुभूमिमा बस्नेहरु
थोपा देख्दा रमाउँछन् ती पर्खाइमा बसेका
नभए के हुन्थ्यो होला गर्नु नै छैन अनुमान ।

स्वच्छ राख्नु पर्छ खोला, नदी सबैले
प्रदान गर्छ धर्तीमा स्वच्छता यसले ।
बग्छ होला आँशु फोहोर फाल्दा सबैले
आत्तिन्छन् ति आमा शुद्धता गुमाउँदा स्वयम्ले ।
बुद्धिमानी मानिन्छन् मानव जाति जगतमा
सन्तुष्ट छन् ति आफैमा बगाएर प्रकृतिको आँशु
सबै तहसनहस हुँदा सम्झन्छन् दुर्गन्ध अवस्थामा पर्दा आफू ।

*कक्षा-१०, ब्रह्मदिक् एकेडेमी, हेटौँडा-४*

# मध्यकालीन नेपालको इतिहास



**स्मिरा पौडेल**

नेपालको इतिहास हेर्दा खेरि नेपाललाई ३ भागमा विभाजन गरिएको थियो । प्राचीन काल, मध्य काल, र आधुनिक काल । नेपालको इतिहासमा वि.सं. ९३६ मा राघवदेवको समयमा शंखधर साख्वाबाट नेपाल संवत्को सुरुवात भएदेखि वि.सं. १८२५ मा कान्तिपुर र पाटन एकीकरणसम्मको अवधिलाई मध्यकालिन युगको रुपमा लिइन्छ । मध्यकालमा धेरै राज्यहरू थिए । जस्तैः डोरा राज्य, नेपालमण्डल (काठमाडौं उपत्यका), बाइसे, चौबिसे र सेन राज्य आदि ।

मध्यकालिन समयमा राजतन्त्रात्मक शासन प्रणाली थियो । त्यतिखेरका सबै क्षेत्रमा राजा नै सबैभन्दा प्रमुख थिए । धेरैजसो राज्यहरुले छिमेकी राज्यलाई आक्रमण गर्ने र आफ्नो राज्यमा मिलाउने प्रयास गर्थे । त्यसकारण मध्यकालमा राज्यहरु बीच राम्रो सम्बन्ध थिएन । मध्यकालमा संयुक्त पारिवारिक संरचनाको साथै बहुविवाह, बालविवाह, विधवा विवाह र सती प्रथा पनि प्रचलनमा थियो । यस समयमा मल्ल राजाहरुले हिन्दु धर्मग्रन्थमा आधारित जन्म, चुडाकर्म, व्रतबन्ध, विवाह मृत्यु सम्बन्धी रीतिथिति तथा संस्कार, गाईजात्रा, इन्द्रजात्रा, मच्छिन्द्रनाथको जात्रा, गठेमङ्गल जात्राहरू र दसैं, तिहार जस्ता हिन्दु पर्वहरु मनाउने चलन बसालेका थिए ।

मध्यकालीन नेपाल आर्थिक रुपमा बलियो थियो । यस समयमा नेपालको आयआर्जनको प्रमुख स्रोत कृषि, पशुपालन र कलाकृतिहरुको साथै धातु, काठ आदिको मूर्ति बनाउने प्रचलन थियो । मध्यकालमा नेपालको तिब्बतसितको व्यापारिक सम्बन्ध राम्रो थियो । नेपालबाट प्याज, भटमास, धातुका भाँडाकुँडा तिब्बततर्फ निर्यात हुन्थ्यो भने नुन, सुन, चाँदी, मसला जस्ता वस्तुहरु आयात हुन्थ्यो । यस समयमा छालाका सिक्काहरू र चाँदीका सिक्काहरु जस्तैः डबल, मोहर, सुकी, दाम चलनचल्तीमा थिए ।

समग्रमा भन्नुपर्दा, मध्यकालीन समय नेपालका लागि राजनीतिक रुपमा विभिन्न टुक्रिएका राज्यहरु बीच वैमनस्यता भए तापनि विभिन्न धार्मिक रीतिरिवाज, चाडपर्व र कृतिका साथै आर्थिक रुपले सुन्दर थियो । विभिन्न कलाहक भने बलियो र सुन्दर थियो ।

*कक्षा-७, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौँडा-२*


## श्री महाचुनी माध्यमिक विद्यालय

इन्द्रसरोवर गाउँपालिका-५, मकवानपुर

## क्याटलग सपिङ विधिबाट स्कुल बस खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आह्वानको सूचना

*सूचना प्रकाशित मितिः २०८१/०९/२४ गते*

1. Sipradi Trading pvt Ltd
2. Laxmi Commercial Vehicles Pvt. Ltd.

शिक्षा विकास निर्देशनालय हेटौंडाको आ.व. २०८१/०८२ को स्विकृत वार्षिक कार्यक्रम अनुसार यस स्कुलले स्कुल बस खरिद गर्न सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन २०७३) को दफा ८ को उपदफा १ (क) (८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संसोधन) को नियम ३१ (ख) बमोजिम त्यस्तो स्कुल बस उत्पादक कम्पनी वा सो को आधिकारिक बिक्रेताहरुबीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्न भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिम स्कुल बसको उत्पादकको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर र कम्पनीको आधिकारिक मुल्य खुल्ने कागजात (क्याटलग वा ब्रोसर) संलग्न राखि तपसिलमा उल्लेख भए बमोजिम शिलवन्दी प्राविधिक प्रस्ताव दर्ता गराउन हुन सम्बन्धीत उत्पादक वा उत्पादकको आधिकारिक विक्रेताको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. सिलबन्दी प्रस्ताव सम्बन्धी कागजातहरु इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक विक्रेताहरुले आफ्नो फर्म/कम्पनी दर्ता, प्यान भ्याट दर्ता एजेन्सी दर्ता प्रमाणपत्र, Letter या Authorization र आ.व. २०८०/०८१ को आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु तथा फर्म कम्पनीको अनुरोध पत्र हुनपर्नेछ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात)औं दिन दिनको १२:०० बजेसम्ममा विद्यालयमा सिलबन्दी प्रस्ताव दर्ता गराई सक्नुपर्ने छ र दर्ता भएको सिलबन्दी प्रस्ताव सोही दिन १:०० बजे खोलिनेछ । सातौं दिन सार्वजनिक विदा परेमा भोलिपल्ट सिलबन्दी प्रस्ताव खोलिनेछ ।
३. स्कुल बसको विस्तृत स्पेसिफिकेसन यस स्कुलको सूचना पाटिमा हेर्न सकिनेछ ।

| क्र.स. | ठेक्का नं. | सवारी साधनको नाम | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| 1 | 1-2081/082 | School Bus | 40 seater, 110HP, 275Nm Manufacturing fitted ABS | 1 | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ |

**प्रधानाध्यापक**

**सम्पर्क नं. ९८५५०२८५६७/९८४५५०३९७२**



## कर्मचारी आवश्यकता

*(दोस्रो पटक प्रकाशित मितिः २०८१ पौष १९ गते)*

यस आधुनिक महिला जागृति बचत तथा ऋण सहकारी संस्था लिमिटेडको लागी पदपूर्ति उपसमितिको मिति २०८१ मंसिर ६ गते बसेको बैंठकको निर्णय अनुसार तपसिल अनुसार शैक्षिक योग्यता तथा पदमा कर्मचारी आवश्यकता भएको हुनाले पदपूर्ति गर्नको लागि आजको मितिमा सूचना प्रकाशित गरि दरखास्त आव्हान गरिन्छ ।

**विज्ञापन नं. : १**
पदः लेखापाल
उमेरः २० वर्ष देखि ३५ वर्ष ननाघेको ।
शैक्षिक योग्यताः वाणिज्य संकायमा स्नातक गरी १ वर्षको अनुभव भएको ।
वान्छनिय योग्यताः कम्प्युटरमा डिप्लोमा गरेको
सेवाको किसिमः करार
परिक्षण कालः ३ महिना
आवेदन फारम शुल्कः ५००/–
तलब स्केलः संस्थाको नियम अनुसार
समय अवधिः २०८१ पौष १९ गते देखि माघ ५ गते सम्म
अन्य सुविधाः संस्थाको नियम अनुसार हुनेछ ।

**आवश्यक कागजात**
१. हस्तलिखित निवेदन, बायोडाटा, शैक्षिक योग्यता तथा तालीमको प्रमाणपत्रको प्रतिलिपी, कम्प्युटर प्रमाणपत्रको प्रतिलिपी, नेपाली नागरिकताको प्रतिलिपी, क्यारेक्टर सर्टिफिकेट पासपोर्ट साइजको फोटो २ प्रति ।
२. प्रक्रिया पुगेको निवेदनलाई मात्र परीक्षामा सम्मिलित गरिने छ ।
३. परीक्षाको किसिमः लिखित, मौखिक र प्रयोगात्मक हुनेछ ।
४. मोटरसाइकल र स्कुटर चलाउन जान्ने लाइसेन्स प्राप्त भएकालाई विशेष प्राथमिकता दिइने छ ।
५. यदि शेयर सदस्य भएमा शेयर प्रमाण पत्रको प्रतिलिपी संलग्न हुनुपर्ने छ ।

**आधुनिक महिला जागृति बचत तथा ऋण सहकारी संस्था लि.**
**हेटौंडा–१२, पान्तले, मकवानपुर**



## सञ्चालनमा आयो

## पशुपति ईभी चार्जिङ स्टेशन

**हेटौंडा-४ पशुपति मन्दिरअगाडि**
**पशुपति ईभी चार्जिङ सेन्टर**



**६ वटा चार्जिङ युनिटसहित**

**सम्पर्कः ९८५५०६८८७३**



## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना ।
- **उमेर** : १८ वर्ष पुरा भएको ।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र ।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



**सम्पर्क**
**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६**
**स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर**



## के तपाई अटो व्यावसायी बन्दै हुनुहुन्छ ?

यदि स्वरोजगार अटो व्यावसायी बन्दै हुनुहुन्छ भने यी कुराहरुमा विचार गर्नुहोस्
- सवारी कुन कुन क्षेत्रमा सञ्चालन गर्न पाउने हो ।
- तपाई सवारी चालक बन्नको लागि सवारी चालक अनुमतीपत्र, प्राप्त चालक हो कि होइन ?
- सवारीका सम्पुर्ण कागजातहरु नवकीरण छन कि छैनन् ?

**अध्यक्ष नवराज घिमिरे एवम्**
**नेपाल अटो ई-रिक्सा व्यावसायी संघ परिवार**
**हेटौंडा-४, मकवानपुर**



## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

# एनपीएलको ट्रफी हेटौँडामा

समाज संवाददाता

हेटौँडा : नेपाल प्रिमियर लिग (एनपीएल) को ट्रफी हेटौँडा आइपुगेको छ। पहिलो संस्करणको एनपीएल विजेता जनकपुर बोल्ट्सको टिम क्याप्टेन अनिल साहसँगै ललित राजवंशी र अरनिको यादव, जनकपुर बोल्ट्सका मालिक उत्सव सिग्देल ट्रफीसहित हेटौँडा आइपुगेको हो ।



ट्रफीसहित जनकपुर बोल्ट्सको टिम ।

जनकपुर बोल्ट्सले ट्रफीसहित हेटौँडा-४ स्थित हेटौँडा स्कूल अफ म्यानेजमेन्ट र नवोदय शिशु सदन माविमा विद्यार्थीसँग खुसियाली साटासाट गरेका छन् । हेटौँडा स्कूल अफ म्यानेजमेन्ट जनकपुर बोल्ट्सको शैक्षिक साझेदारको रुपमा जोडिएको छ। हेटौँडा स्कूल अफ म्यानेजमेन्ट र नवोदय शिशु सदनमा ट्रफी प्रदर्शन गर्दै विद्यार्थीले खेलाडीसँग हस्ताक्षर संकलन गरेका छन् ।

नवोदय शिशु सदन माविका सञ्चालक समेत रहनुभएका हेटौँडा स्कूल अफ म्यानेजमेन्टका प्रिन्सीपल पुरनबहादुर जोशीले आफ्नो संस्थाको प्रचारप्रसारका साथै लोकप्रिय खेलको विकासका लागि जनकपुर बोल्ट्ससँग साझेदारी गरेको बताउनुभयो । जनकपुर बोल्ट्सलाई २५ लाख रुपैयाँ दिएर शैक्षिक साझेदार बनेको उल्लेख गर्नुहुँदै पूर्वविद्यार्थी समेत रहेका जनकपुर बोल्ट्सका क्याप्टेन अनिल साहलाई १० लाख रुपैयाँ दिएर हेटौँडा स्कूल अफ म्यानेजमेन्टको ब्राण्ड एम्बासेडर बनाएको जोशीले जानकारी दिनुभयो ।

पहिलो संस्करणको उपाधि जितेर जनकपुर बोल्ट्सले हेटौँडालाई पनि खुसी बनाएको जोशीको भनाइ थियो । विद्यार्थीसँग अन्तरक्रिया गर्दै जनकपुर बोल्ट्सका क्याप्टेन अनिल साहले उपाधि जित्दाको खुसी साट्न पाउँदा आनन्द महसुस भएको बताउनुभयो ।













समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ